सुदूरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र,**
धनगढी, कैलाली

फोन नं.: ०९१-५२३२८९
Email: kailaliakc@gmail.com

प.सं. :- २०८२/८३
च.नं. :-

**विषयः मौरी प्रबर्द्धन कार्यक्रम संचालन सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०८२/०९/०७)**

यस कृषि ज्ञान केन्द्र, कैलालीको चालु आ.ब.२०८२/८३ को स्वीकृत बार्षिक कार्यक्रम अन्तरगतको तपशिलमा उल्लेखित कार्यक्रम संचालन गर्नु पर्ने भएकोले सो कार्यक्रममा सहभागी हुन ईच्छुक कृषक/कृषि उधमीहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन (**मिति २०८२/९/२७ गते**) भित्र तपशिलमा उल्लेखित कागजातहरु संलग्न राखी यस कार्यालयमा वा बर्दगोरिया गाउँपालिका वडा नं ५ कोईलीभुरुवाको वडा कार्यालयको भवनमा अवस्थित यस कार्यालयको सामुदायिक कृषि प्रसार सेवा केन्द्रमा व्यक्तिगत रुपले आवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

..........................
घनश्याम चौधरी
(कार्यालय प्रमुख)

**तपशिल**

| क्र.सं. | कार्यक्रमको नाम | ईकाई | लक्ष्य | बजेट लाखमा | अनुदान प्रतिशत | कार्यक्रम संचालन हुने स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | मौरी प्रबर्द्धन कार्यक्रम | पटक | १ | १० | ५० | जिल्लाभरी | कम्तिमा ५ वटा मौरीघारमा मौरीपालन गर्न ईच्छुक कृषक। |

**आबेदन साथ संलग्न राख्नुपर्ने कागजात र शर्तहरुः-**

१. सुदुरपश्चिम प्रदेशको कृषि तथा पशुपन्क्षी व्यबसाय प्रबर्द्धन नियमावली २०७९ (पहिलो संशोधन २०८०) को अनुसूची- ५ बमोजिमको ढाँचामा पुर्ण भरिएको रु.१० को हुलाक टिकट टाँसेको प्रस्ताव फाराम।
२. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
३. सम्बन्धित वडा कार्यालय वा स्थानिय तह कृषि शाखाको सिफारिश पत्र।
४. सुदुरपश्चिम प्रदेश कृषि तथा पशुपंक्षी व्यबसाय प्रबर्द्धन नियमावली २०७९ (पहिलो संशोधन २०८०) मा उल्लेख भए बमोजिमको आवेदन शुल्क (राजश्व दस्तुर रु.१ लाख देखि ५ लाख सम्मको अनुदानमा रु.३०० र ५ लाख भन्दा बढिको लागि रु.१०००) बुझाएको नगदी रसिद।
५. अन्य सरोकारवाला सरकारी तथा कृषि आयोजना/परियोजना संग दोहोरो नपर्ने गरी कार्यक्रम संचालन गरिनेछ ।
६. कार्यक्रममा नदोहोरिएका कृषकहरुलाई प्रथामिकता दिईनेछ ।

**कृषि ज्ञान केन्द्र, कैलालीको राजश्व संकलनको बैंक भौचरको लागिः**

**बैंकको नाम :** राष्ट्रिय वाणिज्य बैंक
**कार्यालयको नाम :** कृषि ज्ञान केन्द्र, कैलाली
**कार्यालय कोड :** ३१२०१७७०१७
**प्रयोजन :** अन्य प्रशासनिक शुल्क
**राजश्व शीर्षक नं. :** १४२२९
**प्रदेश :** सुदूरपश्चिम प्रदेश
**आ.व. :** २०८२/०८३

**नोट :** माथि उल्लेखित कार्यक्रमहरु कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन नियमावली २०७९ (पहिलो संसोधन २०८०) बमोजिम संचालन हुनेछन् ।
**(थप जानकारीको लागी कृषि ज्ञान केन्द्र, कैलालीको सूचना अधिकारी श्री दुर्गा प्रशाद ओझा (फोन ९८६४७७११७७) ज्यू लाई कार्यालय समयमा सम्पर्क गर्न सक्नु हुने छ ।)**